# पाल्हीनन्दन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

पाल्हीनन्दन, नवलपरासी

५ नं. प्रदेश

# सिलबन्दी /दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७७/०८/१५

यस पाल्हीनन्दन गाउँ कार्यपालिकाको कार्यालयबाट चालु आ.व. ०७७/७८ मा यस कार्यालय अन्तर्गत संचालन हुने स्वीकृत वार्षिक कार्यक्रमहरू अनुसार तपशिलमा उल्लेखित कार्यहरू ठेक्का पट्टाको माध्यमबाट गराउनु पर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू :

१. सम्बन्धित कागजातहरू संलग्न राखी यस पाल्हीनन्दन गाउँपालिकाको कार्यालय, नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं दिनसम्म र दरभाउ पत्रको हकमा १५ औं दिनसम्म यस कार्यालयको नेपाल बैंक लिमिटेड, पाल्हीनन्दन शाखा, बेलासपुर स्थित रहेको राजस्व शंकलन खाता नं.२४८०३००००००००४००२००१ मा जम्मा गरेको भौचर सहित बोलपत्र/दरभाउ सम्बन्धी प्रकाशित सूचनामा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई कार्यालय समयभित्र खरिद गर्न सकिने छ।

२. सिलबन्दी /दरभाउपत्र पत्र खरीद गर्दा आ.व.०७७/७८ सम्म अद्यावधिक नवीकरण भएको ईजाजत पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७६/७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ।

३. खरीद गरिएका बोलपत्र/दरभाउ पत्रहरू उल्लेख भएका सबै विवरणहरू भरी शिलबन्दी बोलपत्र/दरभाउ पत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको ३१ औं दिन र दरभाउपत्रको हकमा १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ। म्यादभित्र प्राप्त हुन आएका शिलबन्दी बोलपत्र/दरभाउ पत्र सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र /दरभाउपत्रदाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको रोहबरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ। बोलपत्र/दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरूको रोहबरमा बोलपत्र /दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको शिलबन्दी /दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. शिलबन्दी बोलपत्र /दरभाउ पत्रको प्रत्येक आइटमको दर भ्याट बाहेकको अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्ने छ। शिलबन्दी बोलपत्र /दरभाउ पत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ।

७. शिलबन्दी बोलपत्र/दरभाउ पत्रसाथ जमानत बापतको तल उल्लेखित रकम पाल्हीनन्दन गाउँपालिको कार्यालय,पाल्हीनन्दन नवलपरासीको नेपाल बैंक लिमिटेड पाल्हीनन्दन शाखा बेलासपुर शाखामा रहेको धरौटी खाता २४८०३०००००३००००००००१ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको शिलबन्दी बोलपत्र /दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा बोलपत्रको हकमा १२० म्याद भएको वाणिज्य वा सो सरह बैंकबाट जारी भएको बैंक जमानत (*Bid Bond*) संलग्न हुनुपर्ने छ।

८. कुनै पनि शिलबन्दी /दरभाउ पत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र शिलबन्दी बोलपत्र /दरभाउ पत्र खरीद र दाखिला गर्न सक्नेछन्। यो शर्त संयुक्त उपक्रममा पनि लागू हुने छ।

९. शिलबन्दी दरभाउ पत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईने छ।

१०. रीत नपुगी वा म्याद नाघी आएका शिलबन्दी बोलपत्र /दरभाउ पत्र उपर कुनै कारबाही हुने छैन।

११. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई शिलबन्दी बोलपत्र /दरभाउ पत्र पूरा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१२. शिलबन्दी बोलपत्र /दरभाउ पत्र स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १३ महिना म्याद भएको परफरमेन्स वन्ड (Performance Bond) पेश गरी सम्झौता गर्नुपर्ने छ।

१३. यसमा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुने छ।

१४. शिलबन्दी बोलपत्र दरभाउ पत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिने छ।

१५. यस पाल्हीनन्दन गाउँ कार्यपालिकाकाआर्थिक ऐन अनुसार तोकेको व्यवसाय कर तिरेको रसिद अनिवार्य रूपमा पेश गर्नु पर्ने छ।

१६. **बोलपत्र/शिलबन्दी दरभाउपत्र सम्बन्धी कार्यको विवरण**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई.रकम रु.(भ्याट बाहेक) | धरौटी रकम (रु.) | बोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | १८/०७७/७८/ PNRM/NCB | बोलपत्र | वडा नः १, शंकपुर जाने अधुरो आर सी सी सडक ढलान निर्माण गर्ने कार्य। | ३५,२०,०००/०० | १,००,०००/०० | ३,०००/०० |
| २ | १८/०७७/७८/ PNRM/NCB | बोलपत्र | वडा नः ३, नेपाली नहर देखि जनता प्रा बि बिधालय सम्म ढल निकाश तथा आर सी सी ढलान गर्ने कार्य। | २४,८८,०००/०० | ७१,०००/०० | ३,०००/०० |
| ३ | १८/०७७/७८/ PNRM/NCB | बोलपत्र | वडा नः ४, सडक कालो पत्र दलित बस्ति हुद पाल्ही प्राथमिक स्वाथ्य केन्द्रदेखि नहर सम्म गर्ने कार्य। | ३०,२२,०००/०० | ८६,०००/०० | ३,०००/०० |
| ४ | १८/०७७/७८/ PNRM/NCB | शिलबन्दी | वडा नः ३ ,नया गाउपालिका प्रशासनिक भवन जाने बाटो मा सडक कालो पत्र गर्ने कार्य . | १७,६९,९००/०० | ५०,०००/०० | १,०००/०० |

**प्रमुख प्रशासकीय अधिकृत**